स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**नागरिकले पाउने सामाजिक सुरक्षा भत्ताहरू**

- जेष्ठ नागरिक भत्ता,
- अन्य जेष्ठ नागरिक भत्ता,
- एकल महिला भत्ता,
- विधवा भत्ता,
- पूर्ण अपाङ्गता भत्ता,
- अति अशक्त अपाङ्गता भत्ता,
- बाल पोषण भत्ता,
- लोपन्मुख जाति भत्ता ।

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आफ्नो स्थानीय तहमा सम्पर्क गरौं ।**

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



अभिनेता अनमोल केसीको करिअरको सफल फिल्म मानिन्छ, "जेरी" । २०७१ सालमा प्रदर्शन भएको यो फिल्मले नेपालको पर्यटन प्रवर्द्धनमा समेत ठूलो भूमिका खेलेको छ । फिल्मको केही प्रतिशत छायांकन मुस्ताङमा गरिएको थियो भने "के यो माया हो" गीत मुस्ताङकै मार्फा गाउँको भक्ति गल्लीमा खिचिएको थियो । जब फिल्म रिलिज भयो, त्यसपछि उक्त गल्लीको पहिचान नै फेरियो ।


**आजको विचार...**



विद्यार्थी... *(दुई पेजमा)*

शम्भु कोइराला

"एक्सन स्टार"को रुपमा परिचित निखिल उप्रेती ६ वर्षपछि फिल्म अभिनयमा फर्किने भएका छन् । पछिल्लो पटक "भिलेन" (२०१९) मा देखिएका उनले फिल्म "आचार्य"बाट कमब्याक गर्न लागेका हुन् । यसको निर्देशन उनी आफैंले गर्नेछन् ।



❒ वर्ष ३० ❒ अंक २३६ ❒ २०८१ चैत ९ गते शनिबार 22 March 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## आक्रमणमा ७१ जनाको मृत्यु

**(रासस/एपी/सिन्ह्वा)**

**गाजा पट्टी, चैत ८**/इजरायलले रातभर र बिहीबारसम्म गाजा पट्टीमा धेरै घरमा गरेको आक्रमणमा कम्तीमा ७१ प्यालेस्टिनीको मृत्यु भएको अस्पतालहरूले बताएका छन् ।

दक्षिणी गाजाको खान युनुस र रफाह सहर तथा उत्तरी सहर बेत लाहियाका घरहरूमा आक्रमण भएको अस्पतालहरूले बताएका छन् । इजरायलले मङ्गलबार गाजाभर पुन: व्यापक हमला सुरु गरेको थियो । यो हमलाले युद्ध रोक्ने र २५ भन्दा बढी बन्धकको रिहाइलाई सहज बनाएको युद्धविराम भङ्ग गरेको छ । हमासले उनीहरूको सम्झौताबाट विचलित भएको इजरायल-समर्थित प्रस्तावलाई अस्वीकार गरेको भन्दै इजरायलले नयाँ लडाइँको दोष हमासलाई दिएको छ । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार मङ्गलबार मात्र चार सयभन्दा बढी प्यालेस्टिनी मारिएका थिए । यसमा अधिकांश महिला र बालबालिका थिए। हमासले रकेट प्रहार गरेको वा अन्य आक्रमण गरेको कुनै रिपोर्ट आएको छैन । पछिल्लो आक्रमणमा इजरायली सेनाको तत्काल कुनै टिप्पणी आएको छैन । सेनाले आतङ्कवादीहरूलाई मात्र लक्षित गरेको बताएको छ । उसले हमास आवासीय क्षेत्रहरूमा गहिरो रूपमा अवस्थित रहेकाले नागरिक मृत्युको दोष पनि हमासलाई दिएको छ ।

# वन उपभोक्ताले भने–'बाँदरबाट बाली जोगाउन र सुरक्षाका लागि भरुवा बन्दुक राख्न दिनुपर्छ'

**रामचन्द्र रायमाझी**

**पाल्पा, चैत ८**/पाल्पाका वन उपभोक्ताहरुले बाँदरबाट बाली जोगाउन र मानविय सुरक्षाका लागि भरुवा बन्दुक राख्न दिनुपर्ने बताएका छन् । शुक्रबार डिभिजन वन कार्यलय पाल्पाले आयोजना गरेको निजी वन सम्बन्धी संघ संस्थाहरुको क्षमता अभिवृद्धि गोष्ठीमा सहभागीहरु उपभोक्ताहरुले बाँदरबाट बाली जोगाउनै मुस्किल हुनुको साथै मानिसमाथि नै आक्रमण गर्न थालेकाले सुरक्षाका लागि समेत भरुवा बन्दुक राख्न पाउनुपर्ने बताएका हुन् ।

सहभागीहरुले बाँदरका कारण गाउँ नै खाली हुँदै गएकाले त्यसतर्फ सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । उनीहरुले गाउँ नै मिलेर बाँदर धपाउन विभिन्न उपायहरु खोजे पनि त्यो सम्भव नरहेकाले विकल्पका रुपमा भरुवा बन्दुक राख्न पाउने अनुमति सरकारले दिनुपर्ने बताए । उनीहरुले अधिकांस जग्गाहरु बाँझो हुँदै जाँदा बाँदरको आहारमा समेत कमी हुँदै गएकाले घर-घर पस्न थालेर अन्नबाली खाइदिने र महिलाहरु र केटाकेहीहरुलाई आक्रमण गर्ने गरेको गुनासो गरे । सहभागीहरुले बाँदर मांसहारी भए पनि अहिले आहार नहुँदा



घरपालुवा कुखुरा, परेवाहरु समेत खाइदिन थालेको भन्दै आक्रमक बनेको बाँदर नियन्त्रणका लागि सरकारले कडा कानुन बनाउनुको साथै भरुवा बन्दुक राख्न पाउने व्यवस्था गर्नु पर्नेमा जोड दिए । कार्यक्रममा बगनासकाली गाउँपालिका खानेगाउँका भूपति भट्टराईले हिउँद र वर्षाका बेला पाक्न लागेको बाली जोगाउन बारीमै पहरा दिए पनि जोगाउन मुस्किल परेको बताए । अन्न खान आएको बाँदरलाई धपाउँदा उल्टै मान्छेतिर जाइलाग्ने र आक्रमण गर्ने गरेको उनले सुनाए । भट्टराईले भने 'बाँदरले बाली मात्र नभएर मानिसलाई समेत आक्रमण गर्न थाल्यो, अब बाँदर नियन्त्रण गर्न सकिएन भने गाउँ सबै खाली हुने अवस्था आयो । सरकारले अब भरुवा बन्दुक राख्न नदिने हो भने अवस्था थप जटिल हुँदै जाने निश्चित छ ।' उनले अब बाली जोगाउने कि मान्छे ? भन्ने अवस्थामा पुगेको बताए । सरस्वती बस्यालले गाउँमा पाकेका मकैका घोगा देख्न छाडिसके, फलफूल तरकारी जे लगाए पनि बाँदर र बदेलले खाएर हैरान गराउने गरेको बताईन् । 'काखका साना छोराछोरीलाई घरमा छोडेर काममा जान डर हुन थाल्यो । बाँदर घरमै आएर अँगेना र चुलाको छेउमा खानेकुरा खोज्न थाले । मान्छेलाई हातमुख जोड्न मात्रै नभएर जीवन जोगाउनै गाह्रो हुन थालेको छ' उनले भनिन् । सामुदायिक वन महासंघ तानसेन नगरकी अध्यक्ष भवानी गौतमले बाँदर नियन्त्रण चुनौतीका रुपमा रहेकाले त्यसलाई नियन्त्रण गर्न ऐन, नियम नै बनाउनुपर्ने बताईन । उनले महासंघको तर्फबाट सरकारलाई पटक-पटक यस विषयमा ध्यानाकर्षण गराउँदै आएको बताइन् । बाँदरको बगालले घरको कौसीमा राखेका मकै समेत खाएर हैना बनाउने गरेको पत्रकार दयाराज न्यौपानेले बताए । 'धपाउँदा भागेजस्तो गर्छन् तर केही छिनमै झुक्याएर आइहाल्छन्,' उनले भने । 'घरमा महिला भए बाँदर टेड्दै टेड्दैन, घरमा आमलाई नटेरेपछि लखेट्न लौरो लिएर दौडिएँ । तर, उल्टै ममाथि आक्रमण गर्न आए, भागेर ज्यान बचाएँ ।' कार्यक्रममा डिभिजन प्रमुख नारायणदेव भट्टराईले वन ऐन, वन दर्ता, सरकारले कृषि हानिकारक वन्यजन्तु गरेको घोषणा लगायतका विषयमा उपभोक्तालाई जानकारी लगाएका थिए । उनले सरकार बाँदरलाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरेकाले अब खेतबारीबाट लखेट्दा रातो बाँदर र बँदेल मरे किसानलाई कानुनी कारवाही नहुने बताए । 'लगाएको बालीमा क्षति गरिदिने हुनाले बाँदर र बँदेललाई कृषि हानिकारक जीव घोषणा गरिएको हो,' भट्टराईले भने, 'खेतबारीमा आएका बेला लखेट्ने क्रममा बाँदर वा बँदेल मरिहाल्यो भने अब किसानलाई कानुन लाग्दैन ।' बाँदरले बालीनाली वा धनजनको हानिनोक्सानी पुऱ्याए किसानले एक्लै वा सामूहिक रूपमा धपाउन, लखेट्न वा पक्रन सक्ने उनले बताए । *-बाँकी अन्तिम पेजमा...*

## आजदेखि 'प्रथम राष्ट्रिय पानी सम्मेलन' हुँदै



पाल्पा, चैत ८/ आजदेखि 'प्रथम राष्ट्रिय पानी सम्मेलन' हुने भएको छ । जल तथा ऊर्जा आयोगको सचिवालय र राष्ट्रिय सिँचाइ जल उपभोक्ता महासैको आयोजनामा सम्मेलन हुन लागेको हो ।

चैत ९ र १० गते सम्मेलन हुने छ । सरकारले पानीलाई उच्च प्राथमिकतामा राखेर विभिन्न गुरुयोजना निर्माण गरिरहेको बताइएको छ । जल तथा ऊर्जा आयोगको सचिवालयको नेतृत्वमा नेपालमा विस २०६५ सालदेखि जल तथा मौसम सप्ताह मनाउँदै आए पनि यो वर्षदेखि 'नेपाल राष्ट्रिय हिमनदी जल तथा मौसम सप्ताह' मनाउन थालिएको छ । नेपालको आर्थिक तथा सामाजिक विकासमा जलस्रोतको प्रमुख भूमिका रहेको सन्दर्भमा जलस्रोत संरक्षण, उपयोग, दिगो विकास एवं व्यवस्थापनका लागि नीतिगत छलफल र बहस, जनचेतना अभिवृद्धि, प्राविधिक क्षमता विकास एवं जलस्रोतको एकीकृत उपयोगका लागि विसं २०७० चैत ६ गतेको निर्णयानुसार विश्व पानी दिवस मनाउँदै आए पनि सम्मेलन भने पहिलोपटक गर्न लागिएको हो । दुई दिनसम्म चल्ने सम्मेलनमा पानीको बहुउपयोग, यसको महत्व, स्रोत संरक्षण, दिगो उपयोगका लागि गरिएका असल अभ्यास एवं चुनौतीलगायत विषयमा गहन छलफल हुने छ ।

## लुम्बिनी विश्व शान्ति पर्यटनको केन्द्र : मन्त्री पाण्डे

**लुम्बिनी, चैत ८**/संस्कृति, पर्यटन तथा नागरिक उडडयनमन्त्री बद्रीप्रसाद पाण्डेयले लुम्बिनी बौद्धमार्गीको आस्थाको केन्द्रसँगै विश्व शान्ति पर्यटनको केन्द्र रहेको बताएका छन् ।

दोस्रो लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति महोत्सव तथा अन्तरर्राष्ट्रिय ध्यान महोत्सव उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री पाण्डेले लुम्बिनी बौद्ध धर्मालम्बीको आस्थाको केन्द्र मात्रै नभइ विश्वभरका शान्तिप्रिय नागरिकको पवित्रस्थल भएकाले शान्ति पर्यटनको केन्द्र भएको बताए । विश्वव्यापी रुपमा लुम्बिनीबाट शान्ति, एकता, सद्भाव र मानवताको सन्देश दिन सकिने उनले बताए । विश्वसम्पदा सूचीमा रहेको लुम्बिनीको संरक्षणका लागि मन्त्रालयले काम गरिरहेको मन्त्री पाण्डेले बताए । नेपालले संस्कृती, आध्यात्मिक र साहसी पर्यटनबाट लाभ लिनसक्ने उल्लेख गर्दै उनले यसको प्रमुख गन्तव्य लुम्बिनी हुने बताए । उनले हालै पर्यटन प्रवर्द्धन, संस्कृती आदानप्रदान र हवाई सेवा विस्तारका लागि थाइल्याण्ड, कम्बोडिया



लगायतका देशसँग सहकार्य गर्न सम्झौता भएकाले त्यसको कार्यान्वयनमा लाग्न आग्रह गरे । लुम्बिनी विकास कोषका अध्यक्षसमेत रहेका मन्त्री पाण्डेले बुद्धजन्मस्थल लुम्बिनीसँग जोडिएका तिलौराकोट, देवदह र रामग्रामलाई विश्व शान्ति सहर बनाउनुपर्नेमा जोड दिए । लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले लुम्बिनी बुद्धको ध्यानका लागि विश्वकै उत्कृष्टस्थल रहेको बताए । उनले बुद्ध धर्मको उत्पत्ति र शान्तिको सन्देश दिने स्थल लुम्बिनी रहेकाले महोत्सवले त्यसको प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने बताए । नेपाल पर्यटन बोर्डका कार्यकारी अधिकृत दीपकराज जोशीले लुम्बिनीमा भएको शान्ति महोत्सवले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने बताए । उनले लुम्बिनी विश्वभरका बौद्धमार्गीसँगै विश्वभरका शान्तिप्रियको पनि पवित्रस्थल रहेकाले यहाँ गरिएको शान्ति महोत्सव, ध्यान, सांस्कृतिक कार्यक्रमले विश्वभर सकरात्मक सन्देश जाने बताए । कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत चेन सोङले चीनले नेपालसँगको सम्बन्धलाई दिगो बनाउन पवित्रस्थल लुम्बिनीमा दोस्रो पटक लुम्बिनी अन्तरराष्ट्रिय शान्ति सम्मेलन आयोजना गरेको बताए । उनले महोत्सवबाट नेपाल, चीन र अन्य राष्ट्रबीच सांस्कृतिक, खेलकुद, धार्मिक र जनस्तरको सम्बन्ध आदानप्रदान गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो सम्मेलन उद्घाटनका अवसरमा मायादेवी मन्दिर उद्यानमा एक सय भिक्षु र चार सय साधकको सहभागितामा ध्यान गराइएको थियो । शनिबार 'खेलकुद र विकासका लागि अन्तरर्राष्ट्रिय शान्ति दिवस'को अवसरमा तेस्रो लुम्बिनी अन्तरराष्ट्रिय शान्ति म्याराथन कार्यक्रम राखिएको नेपाल ओलम्पिक कमिटिका अध्यक्ष जीवनराम श्रेष्ठले जानकारी दिए । चिनियाँ दूतावाससँगको सहकार्यमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसहित विभिन्न निकायको आयोजनामा बिहीबारदेखि उक्त महोत्सव सुरु भएको हो । *- रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## पानी दिवसको सन्दर्भ

पानीको उपयोग तथा त्यसका स्रोतको संरक्षणमा चेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ आज विश्व पानी दिवस मनाइँदै छ । विभिन्न सङ्कल्प तथा जनचेतनामूलक कार्यक्रम गरी नेपालसहित विश्वभरि नै यो दिवस मनाइँदै छ । प्राणी जगतका लागि हावापछिको दोस्रो महत्वपूर्ण तत्व पानीलाई मानिन्छ । पानीको महत्व र संरक्षणबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित संयुक्त राष्ट्रसंघको आह्वानमा सन् १९९३ देखि संसारभरि हरेक वर्ष मार्च २२ का दिन विश्व पानी दिवसका रूपमा मनाउँदै आएको छ । सन् १९९२ मा ब्राजिलको रियो डी जेनेरियोमा भएको संयुक्त पर्यावरण र विकासको संयुक्त राष्ट्रसंघको भेलाले यस दिवसको घोषणा गरेको हो ।

जलाधार क्षेत्रको संरक्षण, स्वच्छ पिउने पानीको अभावमा मानव शरीरमा लाग्ने रोगलगायत पानीको महत्वकाबारे सर्वसाधारणमा चेतना जगाउन यो दिवस महत्वपूर्ण मानिन्छ । नेपालमा हरेक वर्ष तामझामपूर्वक यो दिवस मनाएर एकदिन भएपनि पानीको महत्व सम्झाउने गरिन्छ । तर पानीको समस्या अहिले विश्वव्यापी चिन्ता र चासोको विषय बन्न पुगेको छ । जनसंख्याको तीव्र वृद्धिसँगै पानीका स्रोतहरु विनाश हुँदै गएका छन् । जसका कारण मानव जीवन थप समस्यामा मात्र परेको छैन प्रकृति समेत संकटमा परेको अवस्था छ । पानी नभएको स्थानमा जीवन सम्भव छैन् । यसैले पानी नै जीवन हो भन्ने गरिन्छ । जीव र वनस्पतिका लागि जन्ममात्र पर्याप्त हुँदैन बाँच्नका लागि स्वच्छ पानी आवश्यक पर्छ । पिउने पानी स्वच्छ र सुरक्षित भयो भने ८० प्रतिशत रोग नै लाग्दैनन् । पृथ्वीको दुईतिहाइ भाग पानीले ढाकेको छ । तर सबै पानी पिउन योग्य छैन । मानव शरीरको अधिकांश हिस्सा पानीले नै भरिएको हुन्छ । यसै कारण पानीको महत्वलाई कसैले पनि नकार्न सकिदैन । तर विश्वभर पानीको स्रोतको उचित संरक्षण हुन नसक्दा खानेपानीको हाहाकार भइरहेको छ । एकातिर जलवायु परिवर्तन तथा औद्योगिक प्रदूषणका कारण विश्वव्यापी रुपमा पानीका मुहान सुक्दै गएका छन् भने अर्कातिर नदी, खोलाजस्ता पानीको स्रोतको उचित संरक्षण नगरिँदा मानवीय जीवन कष्टकर बन्दै गएको छ । यो अत्यन्त दुखको कुरा हो । पानीको महत्व बुझाउन एकदिन दिवस मनाएरमात्रै पुग्दैन । पानीको समस्या दिनानुदिन जटिल बन्दै गएको अवस्थामा सरकारी तवरबाटै पानीलाई सर्वसुलभ, गुणस्तरीय र सबैको पहुँचमा पुऱ्याउन सके मात्र हरेक वर्ष दिवस मनाउनुले अर्थ राख्दछ ।

### Opinion @ Social Network

सफलता तिनलाई मिल्छ जो आफूलाई कहिल्यै हार्न दिन्नन् ।

*(शितल सोमैको फेसबुक स्टाटस https://www.facebook.com/somai.sital48)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विद्यार्थी संगठनको गिर्दो शाख



**शम्भु कोइराला**

**नमागिएको सल्लाह**

एउटा समय थियो-मुलुकको राजनीतिको मियो केही सशक्त विद्यार्थी नेताको वरिपरि घुमिरहेको हुन्थ्यो । ती सशक्त विद्यार्थी नेताका नामबाट तत्कालीन पञ्चायती शासक र प्रशासकको निदहराम हुन्थ्यो । विद्यार्थी नेताको पछि लाग्न खटाइएका गुप्तचरहरू उनीहरूको गतिविधिको निगरानी गर्न असिन पसिन हुने गर्थे । अब समय बदलिएको छ- विद्यार्थी युनियनको चुनाव कहिले हुँदैछ, को कहाँको उम्मेद्वार बनेको छ, त्यसमा रुचि राख्नेबाहेक कसैलाई चासो छैन । कुनै विद्यार्थी नेताको व्यक्तित्वको कारण समाज आशावादी पनि छैन । हुन त, अपारदर्शी र राजनीति गतिविधि निषेध गरिएको समयमा सानो राजनीतिक क्रियाकलापले पनि ठूलो हलचल ल्याउँछ, लोकतान्त्रिक व्यवस्था भएको खुला समाजमा विद्यार्थी युनियनको चुनावले समाजको ध्यानाकर्षण गर्न नसक्नु त्यति अस्वाभाविक पनि होइन ।

यो त भयो सामान्य अवस्थाको कुरा, प्रश्न उठ्छ के हाम्रो मुलुक अहिले सामान्य अवस्थामा छ त? यसका सहज दुईवटा जवाफ हुनेछन् । एउटा के नै नराम्रो छ र मुलुकको अवस्था सामान्य छ । दोस्रो उत्तर हो- आँधी अगाडिको सन्नाटाट जस्तो छ । अहिले नेपालको मात्र होइन अधिकांश साना देशहरूको परिस्थिति दोस्रो उत्तर नजिक छ । कुन देशमा कुन बेला के हुन्छ भन्न सकिँदैन । नेपालमा जनतामा निराशा छ भन्ने भाष्य स्थापित भएको छ । भाष्य मात्र होइन वार्षिक रूपमा दश लाखको हाराहारीमा कामका लागि देश छोडेर जाने युवाको संख्याले पनि यो वास्तविकता हो भन्ने स्थापित गर्दछ । यो निराशाका कारण तीनदशकदेखि लगातार सत्तामा हालिमुहाली गरिरहेका पार्टी नेतृत्वतिर निशाना सोझिएको छ । समाजले पार्टीभित्रका युवाले पुराना नेताहरूलाई चुनौती दिने खालका युवाहरू राजनीतिमा प्रभावशाली बनून् भन्ने अपेक्षा गरेको छ । विभिन्न क्याम्पसहरूमा भएको स्ववियु चुनावबाट त्यस्ता विद्रोही तर समाज र देश निर्माणको चेत भएका सशक्त युवाहरूले आशाको दियो बाल्न सक्छन् कि भन्ने अपेक्षा नेपाली समाजले गर्नु स्वाभाविकै हो । तर, परिणाम अपेक्षाभन्दा ठीक विपरीत देखा परिरहेको छ । पहिलेदेखि विद्यार्थी युनियनमा हालिमुहाली गरिरहेका ठूला भनिएका विद्यार्थी संगठनहरू नेपाल विद्यार्थी संघ र अनेरास्ववियु नै आफ्नो संकीर्ण स्वार्थ पूरा गर्न तल्लो स्तरमा उत्रिएका छन् । आफ्नो युनियनले जितेको ठाउँमा जित निश्चित देखिएन भन्ने गुण्डागर्दीको सहारा लिने र चुनाव स्थगित गरी आफ्नो कार्यकाल लम्ब्याउँने, आफ्नो गुटको उम्मेद्वार बनेन भने तोडफोडमा उत्रिने, फर्जी मतदान गर्ने लगायतका गलत काम कारबाही भइरहेका छन् । त्यसमा पार्टी नेतृत्वको पनि समर्थन रहेको भान हुन्छ । कुनै पनि माउ पार्टीले त्यस्ता अराजक गतिविधि रोक्न प्रयास गरेको पाइएन । उल्टो यसो गर्न प्रोत्साहित गरेको जस्तो पाइएको छ ।

*यो त भयो सामान्य अवस्थाको कुरा, प्रश्न उठ्छ के हाम्रो मुलुक अहिले सामान्य अवस्थामा छ त? यसका सहज दुईवटा जवाफ हुनेछन् । एउटा के नै नराम्रो छ र मुलुकको अवस्था सामान्य छ । दोस्रो उत्तर हो- आँधी अगाडिको सन्नाटाट जस्तो छ । अहिले नेपालको मात्र होइन अधिकांश साना देशहरूको परिस्थिति दोस्रो उत्तर नजिक छ । कुन देशमा कुन बेला के हुन्छ भन्न सकिँदैन । नेपालमा जनतामा निराशा छ भन्ने भाष्य स्थापित भएको छ । भाष्य मात्र होइन वार्षिक रूपमा दश लाखको हाराहारीमा कामका लागि देश छोडेर जाने युवाको संख्याले पनि यो वास्तविकता हो भन्ने स्थापित गर्दछ ।*

**विद्यार्थी संगठनहरूको अवस्था र स्खलन**

यसै साता भएको निर्वाचनमा नेपाली कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघ र नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी लेनिनवादीको भ्रातृ संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनबीच तीव्र प्रतिस्पर्धा देखियो भने माओवादी पार्टी समर्थित अनेरास्ववियु क्रान्तिकारीले दुई ठूला युनियनलाई कडा टक्कर दिएर आफ्नो पुरानो अवस्थामा सुधार गरेको छ । नेविसंघ र अनेरास्ववियुले क्रमश: ११ र १२ स्थानमा जित्दा अनेरास्ववियु क्रान्तिकारीले ७ स्थानमा जितेर चुनौती दिएको छ । पुल्चोक क्याम्पस, पश्चिमाञ्चल इन्जिनियरिङ कलेज र चितवन इन्जिनियरिङ कलेजका भविष्यका इञ्जिनियरहरूले भने स्वतन्त्र उम्मेद्वारलाई चयन गरेका छन् । महेन्द्र बिन्देश्वरी क्याम्पस सप्तरीमा समाजवादी विद्यार्थी युनियन विजयी भएको अवस्था रहेको छ । अहिलेको विद्यार्थी निर्वाचनबाट नयाँ संकेत पनि देखापरेको छ । विद्यार्थीहरू नेविसंघ र अनेरास्ववियु जस्ता विद्यार्थी संगठनका गतिविधिबाट वाक्क भएर विकल्पको खोजीमा रहेका छन् । हैसियत भएका तीन क्याम्पसमा अध्यक्षमा स्वतन्त्र उम्मेद्वारको विजयले पनि यसैलाई संकेत गर्दछ । ठूला भनिएका विद्यार्थी संगठनहरूले आफ्नो राजनीतिक स्वार्थका लागि क्याम्पसको पठनपाठनको वातावरणलाई ध्वस्त पारेका छन् । आफ्नो निहित स्वार्थ प्राप्ति गर्न तालाबन्दी गर्नु, विश्वविद्यालय पदाधिकारीहरूलाई अपमान र आक्रमण गर्ने यिनीहरूको दैनिकी जस्तो बनेको छ । युनियनहरू क्याम्पसको । सर्वांगीण उन्नतिका लागि सहयात्री हुनुको साटो भौतिक संरचना तोडफोड गर्ने लगायतका फौजदारी काम कारबाहीमा लागेर क्याम्पसको सर्वपक्षीय पतन गराउँने भिलेन बनिरहेका छन् ।

**विश्वविद्यालय दलका नर्सरी कि मुलुकको भरोसाका केन्द्र ?**

कलेजहरू देशका कर्णधार उत्पादन गर्ने नर्सरी बन्नुपर्ने हो । बनेका छन् दलका कार्यकर्ता उत्पादन गर्ने नर्सरी । जसको कारण विश्वविद्यालयहरू आपराधिक ग्याङको प्रशिक्षणस्थल जस्ता बनिरहेका छन् । विश्वविद्यालयको भिसी लगायतका पदाधिकारी कार्य क्षमता र प्राज्ञिक आधारमा नियुक्त हुनुपर्छ भन्ने आदर्श मात्र भएको छ । शैक्षिक उन्नयनका भिलेन विद्यार्थी नेताको कानफुकी र लेनदेनमा नियुक्त गरिने विश्वविद्यालय पदाधिकारीबाट समाजले के नै अपेक्षा गर्दछ र ? समाजमा निष्क्रिय रहेको तर मुलुकलाई काम लाग्ने जनशक्ति कहाँ लुकेर बसेको छ भनेर खोज्ने परिपाटी एकादेशको दन्त्यकथा जस्तो भएको छ । केदारभक्त माथेमा कल्पनाको भिसीब्राण्ड बनेको छ । वास्तविकताको होइन । माथेमा पनि कुनै राजनीतिक विचार राख्थे, राख्छन्, कुनै नेताले दूरदृष्टि राखेकै कारण उनी त्रिविविको भिसी बनेका हुन् । यसले के संकेत गर्छ भने राजनीतिक विचारधारा अगालेका असल मानिस हाम्रो समाजमा लुकेर बसेका छन् । यस्ता व्यक्ति कुनै नेता दाइ भाउजू र बाको ढोकामा पुग्दैनन् न त नियुक्तिका लागि दरखास्त आफवान गरेको स्थानमा प्रमाणपत्र बोकेर लाइन लाग्दछन् । नेताको जिहजुरिया व्यक्ति विश्वविद्यालय पदाधिकारी बन्नु र दूधचोरको साक्षी बिरालो बन्ने परिस्थितिले पनि विश्वविद्यालयको वातावरण बिग्रँदो छ । शैक्षिक क्यालेण्डर नबन्नु, बने पनि क्यालेण्डरअनुसार नचल्नु, नियतपूर्वक क्यालेण्डको उल्लंघन गर्नु, उत्तर पुस्तिकमा लापरबाही हुनु लगायतका विकृतिको कारण हो - विश्वविद्यालयहरूको दलीयकरण । त्यसका सजिला प्यादा बनेका छन्- युनियन नामधारी विद्यार्थी नेताहरू । यस्ता विद्यार्थी नेताहरूलाई संस्था निर्माण, शैक्षिक वातावरण उन्नयनसँग कुनै सरोकार हुँदैन । विश्वविद्यालय पदाधिकारीसँग भागबण्डा खोजेर विश्वविद्यालयको वातावरण नै भ्रष्ट र प्रदूषित बनाउँने काम यिनीहरूले गरिरहेका छन् ।

**कसरी बढाउँने शाख ?**

दलीयकरणको अर्बुद नँुयाकेसम्म विद्यार्थीसंठनको शाख बढ्ने अवस्था छैन । त्यो अर्बुदको शल्यक्रिया विश्वविद्यालयको कुलपति प्रधानमन्त्री र सहकुलपति शिक्षामन्त्री हुन छोडेको दिन हुनेछ । यसैबाट दलीयकरणको वटवृक्ष ढ्ढाँगिएको हो । जुन दिन विशुद्ध प्राज्ञिक चेत भएका विश्वविद्यालय पदाधिकारी बन्नेछन् त्यो दिनबाट विद्यार्थी संगठनको पनि शाख बढ्न थाल्ने छ र विश्वविद्यालय दलीय करणको दवावबाट क्रमश: उन्मुक्तितर्फ उन्मुख हुनेछ । त्यति मात्र होइन गैरराजनीतिक र प्राज्ञिक छनोटबाट नियुक्त भएका विश्वविद्यालय पदाधिकरीलाई हेपाहा व्यवहार गर्ने हिम्मत विद्यार्थी नेता पनि हुनेछैन । कारण हो- उसलाई कानुनी कारबाही र मुद्दा मामिला परेको अवस्थामा पछाडिबाट बचाउने कुनै दाइ र वा हुने छैनन् ।

युवा विद्यार्थीहरू देशका आशा, भरोसा र परिवर्तनका संवाहक हुन् । यिनीहरू कुनै संकीर्ण स्वार्थमा भन्दा समाजको बृहत्तर हितमा लाग्न जरुरी छ । दशकौंदेखि एउटा लयमा चलेको विश्व व्यवस्थामा परिवर्तन आएको छ । हरेक मुलुकले नयाँ चुनौतीको सामना गरिरहनु परेको छ । हामी जस्ता साना देश त झनै अप्ठ्यारो अवस्थामा पर्ने सम्भावना छ । यस्तो अवस्थामा संगठन आबद्ध विद्यार्थीहरूले आफ्नो पुरानो लय बदल्न अनिवार्य छ । अब हरेक देशलाई आत्मनिर्भर हुनुको विकल्प छैन । उत्पादन प्रक्रियालाई बढाएर नयाँ उत्पादन क्रान्ति अहिलेको समयको आवश्यकता हो । यसो गर्न सकिएन भने हाम्रो गरिबी घट्ने होइन झन् बढ्नेछ ।

झिना मसिना विषय छोडेर उत्पादन कसरी बढाउँने, आन्तरिक आवश्यकता पूरा गरेर निर्यात गर्ने प्रतिस्पर्धी क्षमता बढाउँने उपायको खोजी कसरी गर्ने भन्ने बहस चलाउँन जरुरी छ । भोको पेटले कुनै सिद्धान्त र दार्शनिकलाई चिन्दैन । विद्यार्थी संगठनका नेताहरू दलीयकरणको रापबाट मुक्त भएर विश्वविद्यालयको वातावरण प्राज्ञिक बनाउँन सहयोगी बन्नुपर्दछ । कुलपति, सहकुलपति गैरराजनीतिक तरिकाले नियुक्ति गर्नुपर्ने विषयमा सहमत भई यसका लागि दवाव सृजना गर्न सक्नुपर्दछ । विद्यार्थी संगठनको अहिलेको नकारात्मक भूमिकालाई परिवर्तन नगर्ने हो भने युनियन आबद्ध नेताहरू पनि समाजमा निराशा उत्पादन गर्ने र प्रशारण गर्ने साधन मात्र बन्नेछन् । आफ्नो शाख बढाउने कि मटियामेट गर्ने हो विचार गरौं । ***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अवसर पाइनेछ । आर्थिक लाभको संकेत छ । | **तुला** : आत्मबल बढ्नेछ । नयाँ अवसरहरू खोज्ने समय राम्रो छ । |
| **वृष** : परिश्रम अनुसार सफलता मिल्नेछ। पारिवारिक सहयोग प्राप्त हुनेछ । | **वृश्चिक**: बिग्रिएका काम बन्नेछन्। मानसम्मान बढ्ने सम्भावना छ। |
| **मिथुन** : खर्च बढ्ने सम्भावना छ । सवारी चलाउँदा सावधानी अपनाउनुहोस्। | **धनु** : आलस्यले अवसर गुम्न सक्छ। मेहनत गर्न आवश्यक छ । |
| **कर्कट** : पारिवारिक सम्बन्ध सुधार हुनेछ, सोचेर मात्र निर्णय गर्नुहोस् । | **मकर**: पारिवारिक खुशी बढ्नेछ। आर्थिक लाभको संकेत देखिन्छ । |
| **सिंह** : व्यापारमा लाभ मिल्नेछ । तर बोलीमा नियन्त्रण आवश्यक छ। | **कुम्भ** : चिताएको काम पूरा हुनेछ। स्वास्थ्यमा विशेष ध्यान दिनुहोस् । |
| **कन्या** : विद्यार्थीलाई पढाइमा प्रगति हुनेछ। यात्रा लाभदायक रहला । | **मीन** :आत्मविश्वास बढ्नेछ । साहसिक काममा सफलता मिल्नेछ। |

# साहित्य दर्पण

निबन्ध — निरज दाहाल

## भुइँमान्छेका सपनाहरू

कसैले कुनै बालकलाई सोध्यो - 'ठूलो भएर के बन्छौ ?'

उत्तरमा डाक्टर, इन्जिनियर, पाइलट वा शिक्षकबाहेक दिमागमा के आउँथ्यो होला त्यो अबोध बालकलाई ? उसलाई कसरी थाहा भयो सपना यो पनि तुहिन सक्छ भनेर ? हामी पनि बाल्यकालको सपनाको लहरोमा डाक्टर, इन्जिनियर, पाइलट, शिक्षक, आर्मी वा पुलिस बनेर फल्यौँ होला । अनि, समयसँगै ती सपनाहरू खस्दै खस्दै गए होलान् । तर कति भने त्यही सपनाको लहरोमा रसिलो फल बनेर डाक्टर, इन्जिनियर, पाइलट, शिक्षक, आर्मी वा पुलिस फल्नुभयो होला । सपनाको लहरोमा अडिग बनेर फल्न सक्ने तपाईंको जय होस् । सपनाको परिधि कतिसम्म हुन्छ त्यो सोच्न मेरो मगजले भ्याउँदैन । तर भन्नेले 'सपना ठूलो देख्' नै भने । तर कुन सपना ठूलो हो भन्नेचाहिँ अर्थ्याएनन् । उनीहरूको पनि जय होस् । लियो टोल्सटोयको एउटा कथा छ 'मानिसलाई कति जमीन चाहिन्छ ?' नामक शीर्षकको । कथाको पात्रले जसरी सारा शहरलाई आफ्नो बनाउने सपना बुन्छ र सपनाको पछि दौडिन्छ अन्त्यमा ऊ टाउकोदेखि पाइतालासम्मको जमीनमा आफ्नो सपनालाई विश्राम दिन्छ । आज पनि हामी सपनाकै पछि दौडिरहेका छौँ । नेपालभित्रको चार कुना बाँधेर मान्छेहरूका सपना खोज्ने हो भनेर ज्यादातर सपना एउटा गज्जबको घर बनाउने र परिवारसँग आनन्दसँग बस्नेभन्दा पर जान सकेको छैन । अनि यही सपनाको भूमिपूजनको तयारीका लागि परदेशका लागि पखेटा हालेको कुरा त तपाईं हाम्रो परिवारभित्रकै कुरा हो । त्यसो त हामीलाई अहिले घरको सपना देखेको नौलो लाग्नु त्यति परिस्कृत सपना भने होइन । किनकि उहिल्यै भारतका कवि हरिवंश राय बच्चनले आफ्नो एक कवितामा भनेका छन् -

*'एक घडी खरिदकर हातमे क्या बाँधली*
*ये वक्त तो पिछे ही पडगया मेरे*
*सोचा था, घर बनाकर सकुन से बेठुगां*
*पर घरकी जरुरोतो ने मुसाफिर बना डाला'*

घर बनाउने सपना हामीबीच मात्र सीमित भने होइन रहेछ । सपना कस्तो हुन्छ ? हामीलाई सपनाको दूरदराज थाहा नहोला तर सपनाको उडान भने पक्कै थाहा छ । खैर, यहाँ सपना कसरी विभाजन भयो थाहा भएन, तर सपनाको खुड्किलो भने हरेक भर्याङ उभिएको जमीनअनुसार भिन्न छ । म मीठो गीत गाउँछु भन्नेको लागि उसको सपना एउटा ठूलो मञ्च होला । मञ्चको अगाडि दर्शकको भीड होला । अनि ऊ दर्शकको आँखामा हेर्दै आफ्नो प्रस्तुति दिइरहेको होला । यस्तै कस्तै सपनाको आहालमा तपाईं पनि पौडी खेलिरहनुभएको छ । तपाईंको आँखा अगाडि सपनाको आहालमा के सपना सम्झेर डुबुल्की मार्नुभयो ? कुनै युद्धमा होमिएको सैनिकलाई बाँच्ने सपना हुन्छ होला । अनि युद्धको भूमरीमा परेका दुवै पक्षका सैनिकलाई पनि त बाँच्ने सपना हुन्छ । दुवै सैनिक बाँच्नलाई युद्ध रोकिनुपर्छ । किनकि कुरा सपनाको छ, कुरा बाँच्नुको छ । कुनै पैदलयात्रीलाई साइकलको सपना, साइकल भएकालाई मोटरसाइकलको सपना, मोटरसाइकल हुनेलाई चार पांग्रेको सपना र चार पांग्रे हुनेलाई विमानको सपना हुन्छ होला । अनि विमान हुनेको सपनाचाहिँ के हुन्छ ? उसलाई पनि यी पैदल यात्रीदेखि चार पांग्रे चढ्नेसम्मलाई आफ्नो अधीनमा राख्ने सपना हुन्छ होला । सपना त हो देख्न पाइयो । दश वर्ष जनयुद्ध हाँक्नेहरूको पनि सपना देश बनाउने नै थियो होला, चौध वर्ष देश र जनताका लागि जेल जीवन बिताउनेहरूको पनि सपना देश बनाउने नै थियो होला । प्रधानमन्त्रीको सातौँ तक्मा थाप्न कस्सिएकाहरूको पनि सपना त देश बनाउने नै थियो होला । तर सबै सपना पूरा नहुने रहेछन् । सपना सही र आफू गलत भइयो भने देश बनाउनेहरूको सपना दुर्घटनामा परेजस्तै सपना पनि दुर्घटनामा पर्ने रहेछ । होस् ! हामी रुमाले जग्गामा एउटा घर बनाउने नै सपना देखौँ । यहाँ कसैको सपना एक छाक खानामा अल्झेको हुन सक्छ । यहाँ कसैको सपना एक रात मस्त निदाउन पाए भन्नेमा छ । यहाँ कसैको सपना खुशी हुन पाए भन्नेमा छ । मान्छेले टेकेको जमीनअनुसार सपनाको व्याख्या हुन्छ यहाँ । हाम्रा हजुरबुवाहरूको सपना थियो पहाडबाट मधेश झरेर उब्जनी जमीनमा खेती गर्ने । त्यसपछि त्यो सपना जवान भयो र हाम्रा बाहरूको मगजमा मुगलान् पस्ने भनेर घुम्न थाल्यो र अहिले सपना हामीबीच स्थान्तरण भएर देश पो छाड्ने कि भएर बसेको छ । हामी र बाहरूको सपनामा खासै फरक भने भएन । बाले सानै देशमा आँखा लगाए र छोराछोरी सम्झे । हामीले ठूला देशमा आँखा लगायौँ र बा-आमा नै पो बिर्सियौँ कि ! तपाईंलाई थाहा छ ? यहाँ देश छाड्ने सपनाहरूको लर्कोमा, परदेशमा कसैको सपना देश फर्किने पनि छ । मान्छेहरू मान्छेलाई नै भेट्ने सपना देख्छन् । क्या गज्जब लाग्छ मलाई, मान्छेले मान्छेलाई भेट्ने सपना । किनकि आफूलाई कसैले भेट्ने सपना बन्नको लागि त्यो मान्छेले आफ्नो सपनाको पछि कसरी दौडिएको थियो होला ? आनन्द अधिकारीको शब्दमा लता मङ्गेस्कर गाउँछिन्, 'सपना त सपना हो बिपनीमा रित्तिहाल्छ' । यो निदाए पछिको सपना र निदाउनका लागि निन्द्रासँग बहस गरुञ्जेलको समयमा देखेको सपनामा कति फरक छ ? सपना खासै ठूलो छैन । सपनाको आयतन कत्रो हुँदाचाहिँ सपना ठूलो हुन्छ ? कसैको सपना गाउँबाट शहर पस्ने हुन्छ । सपनाको ढोकाबाट शहर पसेपछि ऊ सामान्य दैनिकीमा आफूलाई चलायमान राख्छ कि सपनाको आयतन फैलाएर अर्को सपनाको पछाडि दौडिन्छ ? गाउँमा आमाको एउटा सपना खासै ठूलो हुँदैन । गोठकी कोरलीले पहिलो बेतमै एउटी बाच्छी पाइदियोस् भन्ने हुन्छ । बाको सपना समयमै धानको बिउ मिलोस् भन्ने हुन्छ । तर समग्रमा बा-आमाको ठूलो सपना छोराछोरी ठूला मान्छे बनुन् नै हो । यो सपनाको जालो यति जेलिएको हुन्छ कि जसबाट मान्छेहरू सजिलै बाहिर निस्कन सक्दैनन् । न त जेलिएर नै बस्न सक्छन् । विवाह भएको वर्षौंसम्म पनि सन्तान नभएका एक जोडीलाई संसारकै सुखसयलको लोभ देखाए तापनि उनीहरूको सपनाको अन्तिम बिन्दु भनेको एक सन्तान प्राप्ति हुन सक्छ । अभावको हुरी छेकेर हुर्केको सन्तानले आफ्नो सपनाको खाल्डोमा कतै न कतै बा-आमाको खुशी पनि राखेको हुन्छ । एलन मस्कलाई अन्तरिक्षको सपना भएजस्तो कतिलाई एलन मस्क बस्ने देश पुग्ने सपना हुन सक्छ । त्यसैले त सपनाको कुनै आयतन हुँदैन । यही सपनाको फूलबारीमा हामी फुलेको धेरै भयो । त्यसो त बगैँचाले आफूलाई जति नै लुकाए पनि फूलले म यहाँ छु भनेर फुलिदिन्छ । तपाईंको सपना फुलेर देखियो कि सपनाको कोपिला लाग्दैछ ? सानो बालक आफूलाई ठूलो भएको वा वयस्क भएको सपना देख्छ । अनि त्यही समयमा कुनै वृद्ध आफ्नो नाति वा नातिनीको बिहे भएको हेर्ने सपना देखिरहेका हुन्छन् । त्यसैले त सपनाको कुनै सीमा हुँदैन । हिमाल चढिरहेको यात्रीलाई शिखर पुग्ने सपना हुन्छ । अनि हिमालबाट झरिरहेको यात्रीलाई सकुशल बेस क्याम्प पुग्ने सपना हुन्छ । त्यसैले सपनाको कुनै क्षेत्र हुँदैन । यही सपनाको नदीमा डुबुल्की मारिरहँदा डाक्टर बन्ने सपना देखेकाहरू आज आफ्नै जिन्दगीको उपचार गरिरहेका छन् । पाइलट बन्ने सपना देख्नेहरू आज आफ्नै जिन्दगीको उडानमा व्यस्त छन् । शिक्षकको सपना देख्नेहरू समयको परीक्षा दिइरहेका छन् । इन्जिनियरको सपनालाई अँगालेकाहरू जीवनको गति नापिरहेका छन् । कहाँ सधैँ, सजिलै र सबै सपना पूरा हुन्छ र ? तापनि 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' । *-साहित्यपोष्ट डटकम*

कथा — विमल लामिछाने

## भूमिगत बनेको कलम



त्यो बेला गाउँमा पत्रिका पढ्न पाईदैनथ्यो । कुनै कुनै एफएम लामो तार वा एन्टेना जडान गरेपछि मधुरो टिप्थ्यो । गाउँमा एउटा एउटा घरमा मात्रै टेलिभिजनमा समाचार हेर्न सकिन्थ्यो त्यो पनि ब्याट्रीको चार्ज नसकिँदासम्म ।

ब्ल्याक एण्ड ह्वाइट टेलिभिजनको पर्दामा दिनभरका घटनाक्रम, देश तथा विदेशबाट संकलित समाचार पढ्दै पाना पल्टाउँदै राख्दै गरेको हेदा अचम्म लाग्थ्यो । पर्दामा चटक्क सजिएर देखा परेका एङ्कर, स्क्रिनमा एकपछि अर्को गर्दै फुत्त फुत्त आइरहने स्क्रोलहरु, एङ्करले जुन पातो उचालेर पढ्यो त्यही अनुसार मिलेको भिडियो क्लिप । विच विचमा विज्ञापन अनि फेरि समाचारका क्लिप, पत्रकारले कसरी मिलाउँदा हुन् यी हरफ र टोन स्लेबलहरु ? कसरी मिलेको होला पढाइको सैलीमा भिडियोका क्लिप र फोटाहरु ? विनयको किसोर अवस्थाको मानसपटलमा यी र यस्तै प्रश्नहरु मडारिरहन्थे ।

देशभर छरिएका समाचार संकलन गरेर रेडियो र टेलिभिजनमा फरर पढेको न्यूज टोन र दृष्यात्मक ट्यूनको आकर्षणले विनयलाई सानैबाट पत्रकार बन्ने भोक जागेको थियो । पत्रकारिताको हुटहुटी मेट्न भित्ते पत्रिका निकालेर विद्यालय परिषरमा बकाइनो र पयूँका रुखमा बोर्ड टाँसेर साहित्यिक भित्ते पत्रिका प्रकाशन गर्दा ठूलै काम गरेको अनुभूति हुन्थ्यो । विभिन्न कोलममा कतै कविता, कतै छोटा कथाहरु, कतै गाउँघरमा अलि ठूलो मुल्यमा भैसी, गोरु र खसी विकेका समाचार, वीउ आलु र दुधालु गाईका टुक्रे कथा, कोदो र अलैंचीले भाउ पाएका समाचार पनि मिलाएर भित्तेपत्रिकामा सिमीका पात निचोरेर तयार पारेको हरियो मसीमा कुचोका डाँठ, बाँसका टुप्पी र परेवाका प्वाँखले लेखेर पनि समाचार तयार गरेको अनुभूति विनयसँग ताजा छ । एक्काइसौ सताब्दी निकट पत्रकारिताको समयमा बलपेन नभएको भने होइन तर वाँस र कुचोका डाँठ कपेर बनाइएका पोतो र कुचीहरुले नै भित्तेपत्रिकामा अक्षरको आकर्षण थप्दथ्यो । मसीमा चोबेर बाँसका टुक्राले लेखेका अक्षरहरु आकर्षक र चटक्क मिलेका हुन्थे । ड्रोइङ पेपरमा समाचार र कविताका हेडिङ राम्रा अक्षरमा घुमाएर लेख्ने कलाको अभ्यासले विनयलाई परापूर्वकालमा चराको प्वाँख र हरियो सिमीका पात निचोरेर बनाइएको मसीलाई लेख्ने साधन बनाइएको थियो भन्ने भनाई पनि अभ्यासको नौलो श्रृखला हुनसकेन । यस्तै प्राकृतिक कुचीहरुको सहयतामा गाउँका विद्यालयका वालहरुमा महानवाणी र कोटेसनहरु पनि लेखिएका हुन्थे । चराका प्याँखले घुमाएर लेखेका अक्षरहरु अझ आकर्षक र इटालिक स्टायलका हुन्थे, हेर्दै कति मज्जा र आनन्द आउँने । विभिन्न रंगका वनस्पतिका फूल या पातहरूलाई पिसेर आएको रंगलाई मसिदानीमा जम्मा गर्दै बाँसको तिखो टुप्पोलाई मसीमा चोप्दै लेख्दै गर्दा बनेका अक्षरका आकृति र चित्रहरुको आकर्षक र अग्रजहरुले गरेको बर्णनले पनि विनयलाई प्रकाशनतर्फ उत्साहित गरेकै थियो । विनयको भित्ते पत्रकारिताले लय लिँदै गएको थियो । छायाँमा पारिएका बस्तीहरुमा जागरण ल्याउँदै थियो, खेताला गोठालाहरु खेतीबाट फर्किँदा भारी विसाएर पसीना ओभाउँन्जेल विश्राम गरेर खेतीका कथा पड्थे । भरीयाहरु भारी विसाएर भरीयाकै कथा पड्थे, विद्यार्थीहरु स्कूल सकेर कविता र गाउँका समाचार पढ्थे । गाउँभरीका समाचारको संगालो थियो त्यो । त्यो असत्यहरुको उजागर थियो, सूचनाविहिनहरुको सारथी थियो, आवाजविहिनहरुको आवाज थियो, विचारविहिनहरुको दस्तावेज थियो, दविएकाहरुको भावना पोख्ने स्पेस थियो ।

समयको गतिसँगै प्रविधिको तिव्रतम विकास रोकिने कुरै परिकल्पना बाहिरको कुरा हो । कम्प्युटरको जमानामा पनि कम्प्युटरको सजिला र अप्ठयारा कथा छुट्टै होलान् तर कलम र पत्रकारिताको परिचय कहिल्यै मेटिँदैन, कलम र पत्रकारितालाई विभाजित गरेर छुट्टै कित्तामा राखेर अध्यायको पूर्णता खोजियो भने त्यो मुर्खता हुनसक्छ । यसरी पत्रकारिताको जीवनको अध्याय पूरा हुँदैन, विनयलाई यस्तै लाग्थ्यो । कम्प्युटरलाई मात्रै प्राथमिकतामा राखेर आवरण र साजसज्जामा होइन, गुदीमा के छ त्यो महत्वको रहन्छ भन्दै गर्दा पनि बाहिरी रूपसज्जा, परिधान र नाम विशेषले पनि मर्यादाको अर्थ राख्दो रहेछ भन्ने उदाहरण पनि धेरै छन् । विनयको यो तर्क केही मानिसलाई मन पर्न छोडेको थियो । कुरा २०५६ तिरको हो । गाउँमा राती हिड्नेहरुको दोहोरी जस्तै भइसकेको थियो । राजनीति रंग देखिएको भन्ने आरोपमा कलममाथि पनि निगरानी बढाइएको थियो । तर विनयको कलम हत्तपत्त लर्वराएको थिएन । 'कलम स्वतन्त्र हुनुपर्छ, कलमलाई बन्दुकले छेक्न मिल्दैन' शिर्षकमा सम्पादकीय लेखेकै निहुँमा विनय एकाएक ब्लाक लिष्टमा परेको खवर आयो । ब्ल्याक लिष्टमा परेपछि विनयको कलम जोखिममा पर्दै गएको हल्लाले एकान दोकान मैदान बन्दै गयो । कसले कतिबेला मृत्युवरण गर्छ, हेक्का र हिसाव नहुने समयमा सचेतना चलाउने अभिलाशा र त्यहाँभित्रपनि विचारमुलक खुला पत्रकारितामा रम्न खोज्ने विनयको ग्रामिण पत्रकारिताको यात्रामा ब्रेक लाग्गो । विनयको स्वतन्त्र पत्रकारिताको कलमी यात्रा एकाएक भूमिगत हुनपुग्यो । विनयको कलम भूमिगत हुँदा धेरैलाई चित्त बुझेको भने थिएन । कयौ रातहरु छिप्पिएर दिन बन्दै गए त कयौ दिनहरु खस्किएर रात बन्दै गए ।

विनय भूमिगत होलटाइमर पत्रकारको लिष्टमा परिणत हुन पुग्यो । गाउँमा कलमको खोजी गर्ने समकालिनहरु थुप्रै थिए तर हँ हँ कसैले विनयको कलम भेटेको खबर ल्याउन सकेनन्, अलिपछि गाउँमा एकाएक हल्ला चलाईयो 'विनय भूमिगत भए, विनयको कलम पनि भूमिगत भयो ।' जीवनका उकाली र ओरालीसँगै पौठेजोरी खेल्दै दिनहरु वित्तै गए, कम्प्युटरको किवोर्ड र इन्टरनेटको हाइटेकको जमानामा पुगिसकेको पत्रकारिताको युगलाई सदुपयोग गर्ने उत्साह विनयकालागि निकै ठूलो चुनौती थियो । मृत्यु कि मुक्ती ? जीवन दोसाँध थियो । सहिद कि बेपत्ता प्रश्न गम्भिर थियो । गाउँले अझै खोजीरहेछ तर विनय अझै फर्किएको छैन । *-समकालीन साहित्य डटकम*


**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

**गुल्मी दरबार गाउँपालिकाको अनुरोध**

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- कुनै सामान वा वस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

भेषराज घिमिरे, प्रमुख प्रशासकीय अधिकृत — तारा थापा ढेंगा, उपाध्यक्ष — सरोजकुमार थापा, अध्यक्ष

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ग्वाडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**तानसेन नगरपालिकाको अनुरोध**

- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।

पिताम्बर पाण्डे, प्रमुख प्रशासकीय अधिकृत — प्रतिक्षा सिंजाली, उप-प्रमुख — सन्तोष लाल श्रेष्ठ, नगर प्रमुख

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# विश्व पानी दिवस नेपालमा पनि मनाइँदै




**पाल्पा, चैत ८/** प्रत्येक वर्ष मार्च २२ तारिखका दिन विश्वभर मनाइने विश्व पानी दिवस शनिबार नेपालमा पनि विभिन्न जनचेतनाका कार्यक्रम गरी मनाइँदैछ । संयुक्त राष्ट्रसैको आयोजनामा सन् १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा भएको पर्यावरण र विकाससम्बन्धी महासभाले विश्व पानी दिवसको घोषणा गरेको हो । सन् १९९२ मा एजेण्डा २१ मा समाहित गरिएको पानी दिवसको रुपरेखालाई आत्मसाथ गर्दै सन् १९९३ देखि मार्च २२ तारिखका दिन विश्वभर यो दिवस मनाउन थालिएको थियो ।

जलाधार क्षेत्रको संरक्षण, स्वच्छ पिउने पानीको अभावमा मानव शरीरमा लाग्ने रोगलगायत पानीको महत्वबारे सर्वसाधारणमा चेतना जगाउन सरकारी तथा विभिन्न गैरसरकारी संघ संस्थाले विविध कार्यक्रम गरी यो दिवस मनाउँदै छन् । पानी पृथ्वीको सर्वश्रेष्ठ प्राणी मानिसका लागि मात्र नभई सबै जीव र वनस्पतिको जीवनको आधार हो । चेतनशील प्राणीका रुपमा मानवको जीवनका क्रियाकलाप पनि पानीमा निर्भर रहन्छन् । हाम्रा घरायसी क्रियाकलाप, खेतीपाती र पशुपालन जस्ता कृषि प्रणाली, स्वास्थ्य र आर्थिक क्रियाकलापदेखि धार्मिक एवं सांस्कृतिक संस्कारमा गर्भावस्थादेखि मरणोपरान्तसम्म पानीको आवश्यकता पर्दछ । पानी नभएको स्थानमा जीवन सम्भव छैन । यसैले पानी नै जीवन हो भन्ने गरिन्छ । जीव र वनस्पतिका लागि जन्ममात्र पर्याप्त हुँदैन बाँच्नका लागि स्वच्छ पानी आवश्यक पर्छ । पिउने पानी स्वच्छ र सुरक्षित भयो भने ८० प्रतिशत रोग नै लाग्दैनन् भनिन्छ । पृथ्वीको दुईतिहाइ भाग पानीले ढाकेको छ । तर सबै पानी पिउन योग्य छैन । समुद्र र महासागरको पानी नुनिलो छ । जसले पृथ्वीको ९७.५ प्रतिशत भाग ओगटेको छ । २.५ प्रतिशत पानीमात्र ताजा, स्वच्छ र पिउनका लागि योग्य छ । यसमध्येको ठूलो अंश अर्थात् १.७२ प्रतिशत पृथ्वीको उत्तरी र दक्षिणी ध्रुवमा हिउँको रूपमा रहेको छ । ०.७४ प्रतिशत भूमिगत स्रोतका रूपमा जमिनमुनि रहेको छ । जमिनको सतहमा रहेको ०.०४ प्रतिशत पानीमात्र मानवका लागि पिउन योग्य छ । नेपाल विश्वमै जलस्रोतमा दोस्रो ठूलो देश भनिए पनि धेरै सहर, बजार र गाउँमा खानेपानीको समस्या छ । संविधानको मौलिक हकका रूपमा स्वच्छ खानेपानीको हक लेखिए पनि कार्यान्वयन हुन नसकेको गुनासो छ । यस्तै विषयमा जनचेतना जगाउँदै पानी दिवस मनाउने गरिएको छ ।

# नेपाल रेडक्रस पाल्पाले मनायो ४७ औं साधारणसभा

**कृष्ण पोखरेल**

**पाल्पा, चैत ८/**नेपाल रेडक्रस सोसाइटी शाखा पाल्पाले ४७ औं वार्षिक साधारणसभा मनाएको छ । उसले तानसेनमा एक औपचारिक कार्यक्रमको आयोजना गरी साधारणसभा मनाएको हो ।




सभाको प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै उनले रेडक्रस पाल्पाले मानवहितमा गरेका कामहरुको चर्चा गरे । प्रजिअ सुवेदीले लामो सघर्ष र मिहिनेत पछी ब्लड बैक सञ्चालनको अन्तिम तयारी भईररहेको खुसी व्यक्ति गरे । आपत विपतमा रेडक्रस पर्यवाची शब्द नै भएकाले रेडक्रसलाई सबैपक्षबाट आवश्यकता अनुसार सहयोग गर्नुपर्नेमा उनले जोड दिए । पाल्पामा ३ वटा ठूला अस्पतालहरु रहेकाले दिनहुँ ब्लडको आवश्यकतालाई परिपुर्ती गर्न रेडक्रस पाल्पाको नयाँ नेतृत्व सक्रिय भएर लागेकोमा प्रजिअ सुवेदीले धन्यवाद दिदै अभियान पुरा नहुँदासम्म काममा खटिन समेत कार्यसमितिलाई अनुरोध गरे । कार्यक्रममा शाखाका मन्त्री केशवराज नेपालले वार्षिक प्रतिवेदन पेश गर्दै पाल्पामा २०२७ सालमा रेडक्रसको स्थापना भएदेखी नै मानव सेवाका कामहरु गर्दै आएको बताए । मन्त्री नेपालले रेडक्रस पाल्पाले ब्लड बैंक सञ्चालनको लागि आर्थिक सहयोग जुटाउन यशस्कर सदस्य, विशिष्ट सदस्यता वितरण खुला गर्दै आएको र यशस्कर सदस्यको लागि १ लाख, विशिष्ट सदस्यको लागि २५ हजार शुल्क तोकिएको बताए । सदस्य पाउने व्यवस्था रेडक्रस पाल्पाले गरेको छ । पाल्पा शाखा अन्तर्गत १९ वटा उपशाखा, ५ जना यशस्कर सदस्य, ७६ जना विशिष्ट सदस्य, १ हजार ४ सय ९० जना आजिवन सदस्य, १ सय ८३ जना साधारण सदस्य, जुनियर तथा युवा रेडक्रस सर्कल गरी ८३ वटा, जुरेस, युरेस सदस्य संख्या ३ हजार ६ सय २९ जना रहेको मन्त्री नेपालले बार्षिक प्रतिवेदन प्रस्तुत गर्दै जानकारी गराए । उनले रेडक्रस पाल्पाले गर्ने भावी कार्यक्रमका बारेमा समेत जानकारी गराएका थिए ।

कार्यक्रममा कोषाध्यक्ष सन्तोष खनालले आर्थिक बर्ष ०८१/०८२ को १ करोड ६८ लाख ६० हजारको आय व्यय, आगामी आर्थिक बर्षको अनुमानित ८२ लाख ७८ हजार ४ सय बराबरको आय-व्यय प्रस्तुत गरे । कार्यक्रममा रेडक्रस पाल्पाका सभापति बाबुराम कार्कीले 'म सञ्चालन गर्छु मेरो ब्लड बैंक' अभियानलाई पुरा गर्न सिङ्गो कार्यसमिती सक्रिय भएर लागेको बताए । व्लड बैक सञ्चालनको लागि अझै पनि पर्याप्त रकम संकलन हुन नसकेकाले सबैलाई सहयोग गर्न सभापती कार्कीले अनुरोध गरे । ब्लड बैक सञ्चालनको लागि आवश्यक सरसमान खरिदको लागि तानसेन नगरपालिकाबाट टेण्डर भईसकेको छ । अब एक महिना सम्ममा रेडक्रस भवनमा सञ्चालन हुनेछ भने लायन्स धर्मशाला नजिकै ब्लड बैकको लागि भवन निर्माणको काम शुरु भएको छ । साधारणसभाको अवसरमा स्वयम्सेवक सञ्जीत थापा र गणपती मा.वि यूवा रेडक्रस सर्कल तथा साधारणसभामै विशिष्ट सदस्य बनि सहयोग गरेका भेषराज तिमिल्सेना, मिन प्रसाद बञ्जाडे, हरि प्रसाद पोखरेल, हरिबहादुर कुवँर र यक प्रसाद श्रेष्ठलाई सम्मान गरिएको थियो । कार्यक्रममा निवर्तमान् सभापति बुद्धि प्रसाद शर्मा, विशिष्ट अतिथी, मेघराज पौडेल शर्मा, रैनादेवी छहरा उपशाखाका सभापति काशीराम पौडेल र मणिमुकुन्द उपशाखाका सभापति शकुन्तला बज्राचार्य, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले रेडक्रस पाल्पाले गरेका सेवा तथा कार्यहरुको बारेमा चर्चा गरेका थिए । शाखा सभापति बाबुराम कार्कीको अध्यक्षता, उपाध्यक्ष भिमसेन कार्कीको स्वागत, शाखा अधिकृत विनोद भारतीको सञ्चालन थियो ।

## खेलकुद समाचार

# पीएम कपमा आर्मीको छैटौं जित



**भैरहवा,** चैत ८/त्रिभुवन आर्मी क्लबले प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा छैटौं जित निकालेको छ । शुक्रबार देउखुरीमा भएको खेलमा आर्मीले गण्डकीलाई ६ विकेटले हराएको हो ।

गण्डकीले दिएको ११७ रनको लक्ष्य आर्मीले २६.५ ओभरमा ४ विकेटको क्षतिमा पुरा गर्‍यो । ओपनर तृतराज दासले ३७ रन बनाए । बसिर अहमद ३२ रनमा अविजित रहे । गण्डकीका चन्द्र पौडेल, सुबास भण्डारी, बिपिन खत्री र सुदिप अर्यालले १-१ विकेट लिए । त्यसअघि शाहब आलमले पाँच विकेट लिएपछि गण्डकी प्रदेश सामान्य योगफलमा रोकिएको थियो । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको गण्डकीले ३०.३ ओभरमा अलआउट हुँदै ११६ रन बनाएको थियो । अर्जुन कुमालले ३३ रन बनाए ।

दीपक डुम्रेले १९ तथा कमल परियारले १७ र कप्तान बिपिन खत्रीले १५ रन बनाए । आर्मीका शाहबले १० ओभरमा ४२ रन दिएर ५ विकेट लिए । कुशल मल्ल र नरेन साउदले २-२ विकेट लिए । आर्मीले ७ खेल खेल्दा ६ खेल जितेको छ । गण्डकी भने समान खेलबाट २ जित मात्र निकाल्दै फाइनल होडबाट बाहिरिसकेको छ ।

## वन उपभोक्ताले...

...बाँदर वा बँदेल धपाउने, लेखेट्ने वा पक्रने क्रममा मरे सम्बन्धित वडा कार्यालयमा जानकारी दिनुपर्ने भट्टराईले बताए । मरेको बादेल तौलका आधारमा पञ्चकीर्ति मूल्य तोकी उक्त रकम राजस्वमा दाखिला गरेर सम्बन्धित स्थानीय तहको सम्बन्धित वडाभित्र व्यापारिक प्रयोजनबाहेकमा उपयोग गर्न सकिने समेत उनले जानकारी । गोष्ठी समापन कार्यक्रममा बोल्दै पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझीले बसाईसराइँको मुख्य कारण बाँदर आतंक रहेकाले सरकारले सोही अनुसारको निती बनाएर कार्यान्वयन गर्नुपर्ने बताए । सामुदायिक वन महासंघ लुम्बिनी प्रदेशकी अध्यक्ष कल्पना भण्डारी र पारिवारिक निजी वन महासंघ पाल्पाका अध्यक्ष प्रेम घिमिरेले वन्यजन्तु र मानवबिचको द्वन्द्ध नियन्त्रण गर्न सरकारले ध्यान दिनुपर्ने बताए । कार्यक्रममा जिल्लाभरका निजी वनका उपभोक्ता समितिका प्रमुख तथा प्रतिनिधि र उपभोक्ताहरुको सहभागिता रहेको थियो । कार्यक्रम डिभिजन प्रमुख नारायणदेव भट्टराईको अध्यक्षता, कार्यालयका प्रशासन अधिकृत सुशिल ज्ञवालीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# ग्लोबल बैंक र लुम्बिनी मेडिकल कलेजबीच सम्झौता



**पाल्पा, चैत ८/**ग्लोबल आइएमई बैंक लिमिटेड र लुम्बिनी मेडिकल कलेज एण्ड शिक्षण अस्पतालबीच विभिन्न स्वास्थ्य सेवामा २५ प्रतिशतसम्म छुट प्रदान गर्ने सहमती भएको छ । अस्पतालले बैंकका ग्राहकहरुलाई अस्पतालको सामान्य बेड, प्रयोगशाला परीक्षण, एक्स-रे, अल्ट्रासोनोग्राफी, ओ.पी.डी. र अपरेशन लगायतका सेवाहरुमा २५ प्रतिशतसम्मको छुट दिने गरी सम्झौता भएको हो ।

बैंकका लुम्बिनी प्रदेश प्रमुख शान्ता शिवाकोटी र अस्पतालका अध्यक्ष गोपालबहादुर पोखरेलले उक्त समझदारीमा पत्रमा हस्ताक्षर गरेका छन् । सहमति अनुसार अस्पतालले बैंकका डेबिट/क्रेडिट कार्ड एव्म बैंकको मोबाइल एप (ग्लोबल स्मार्ट प्लस) प्रयोगकर्ताहरुलाई अस्पतालको सेवा तथा औषधी उपचारमा लाग्ने शुल्कमा २५ प्रतिशतसम्म छुट प्रदान गर्नेछ । यस साझेदारी पश्चात् ग्लोबल आइएमई बैंकका ग्राहकहरुले गुणस्तरीय स्वास्थ्य सेवा सुविधाहरु उचित दरमा प्राप्त गर्ने र अस्पतालले स्वास्थ्य सेवा तथा सुविधाहरु विस्तार गर्न यस सहकार्यले सहयोग पुग्ने अध्यक्ष पोखरेलले बताए । पोखरेलले यो पहलले पहुँचयोग्य स्वास्थ्य सेवा प्रदान गर्ने अस्पतालको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने कुरा समेत स्पष्ट पारे । यसैगरी, ग्लोबल आइएमई बैंकका लुम्बिनी प्रदेश प्रमुख शान्ता शिवाकोटीले लुम्बिनी मेडिकल कलेज एण्ड शिक्षाण अस्पतालसँगको साझेदारीले बैंकका ग्राहकहरुलाई लाभान्वित गर्ने र बैंकको कार्ड तथा मोबाईल बैंकिङ सेवाको प्रयोगकर्ता वृद्धि हुने विश्वास व्यक्त गरिन् ।


## पानीका स्रोतको संरक्षण गरौं

- वनसम्पदाको संरक्षण गरौं,
- खुला ठाउँमा वृक्षरोपण गरौं,
- इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
- भूमिगत पानीको दोहन नगरौं,
- पानीका स्रोतको संरक्षणवारे जनचेतना अभिवृद्धि गरौं,
- खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई